"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ४ । अंक २० । २०७४ श्रावण, भाद्र, आश्विन ।




कोषको ५६ औं वार्षिकोत्सव समारोह, पानसमा बत्ती बालेर औपचारिक उद्घाटन गर्दै अर्थराज्य मन्त्री उदयशम्सेर राणा लगायत अतिथिहरू ।

## कर्मचारी सञ्चय कोष ५६ वर्षमा प्रवेश

### कोषको स्रोत करिव २५४ अर्व

कर्मचारी सञ्चय कोषले १२७.९२ करोड मूनाफा प्रदान गर्ने नीतिगत निर्णय गरेको छ। कोषले आर्थिक वर्ष २०७२/७३ को बचतबाट आर्थिक वर्ष २०७३/७४ मा सो मुनाफा वितरण गर्ने निर्णय गरेको हो ।

कोषले हाल निजामति, जंगी र प्रहरी सेवातर्फका कर्मचारीहरुका साथै शिक्षक, सार्वजनिक संस्थान तथा नीजि प्रतिष्ठानका कर्मचारीहरु समेत गरी ५ लाख ५० हजार भन्दा बढी सञ्चयकर्ताको सञ्चय कोष रकमको व्यवस्थापन गर्नुको साथै करिव २५३ अर्ब ९८ करोड परिचालन गरिरहेको छ ।

कर्मचारी सञ्चय कोष ५५ वर्ष पुरा गरी ५६ वर्षमा प्रवेश गरेको अवसरमा कोषका कार्यवाहक प्रशासक दीपक रौनियारद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा सो कुरा उल्लेख छ ।विज्ञप्ति अनुसार, कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफाको करिव ९५ प्रतिशत रकम सञ्चयकर्ताको हितको लागि खडा गरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुरक्षा सुविधाहरु प्रदान गर्दै आएको छ, भने आर्थिक वर्ष २०७२/७३ को शुरु सञ्चय कोष मौज्दातको आधारमा सञ्चयकर्तालाई ०.६५ प्रतिशत मुनाफा सञ्चयकर्ताको खातामा छुट्टै लेखांकन गरी सञ्चयकर्ताको ४० प्रतिशत शेयर लगानी सुनिश्चित हुने नीतिगत निर्णय गरी कर्मचारी सञ्चय कोष, विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनीद्वारा प्रवर्द्धित बेतन कणाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनी स्थापना गरेको छ । हाल कोषले सञ्चित कोषमा ८.०० प्रतिशत ब्याज प्रदान गरी मुनाफा समेत प्रदान गर्दै आएको छ ।

कोषले आर्थिक वर्ष २०७२/७३ को खूद मुनाफाबाट सञ्चयकर्ताहरुका लागि सामाजिक सुरक्षा सुविधा सञ्चालन गर्न सञ्चयकर्ता कल्याणकारी कोषमा एकमुष्ठ १५ करोड ९९ लाख रुपैयाँ व्यवस्था गरेको छ, भने उपलव्ध गराउदैं आएको सामाजिक सुरक्षा सुविधाहरु आर्थिक वर्ष २०७३/७४ मा कुल १९,७८६ सञ्चयकर्ता वा निजको आश्रित परिवारलाई १८ करोड ५८ लाख ४१ हजार रुपैयाँ प्रदान गरिएको छ । जसमध्ये काजक्रिया अनुदान ८७९ सञ्चयकर्ताका आश्रित परिवारलाई २ करोड ६० लाख ९५ हजार, दुर्घटना क्षतिपूर्ति १४७ सञ्चयकर्ता वा आश्रित परिवारले १ करोड ७४ लाख २० हजार, औषधोपचार सहयोग १०३ सञ्चयकर्ताले २३ लाख ९६ हजार ,सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत १८,६५७ सञ्चयकर्तालाई १३ करोड ९९ लाख ५० हजार रुपैयाँ प्रदान गरेको छ । बाँकी पृष्ठ २ मा

## कार्यभार र जिम्मेवारी हेरफेर

कर्मचारी सञ्चय कोषका विभागीय प्रमुखहरुको कार्यभार तथा जिम्मेवारीमा हेरफेर गरिएको छ । कोषको परिपत्र नं. ९९३ अनुसार २०७४ कार्तिक १२ देखि लागू हुनेगरि जिम्मेवारी हेरफेर भएको हो ।

परिपत्र अनुसार नायव मुख्य अधिकृत केदारनाथ गौतमलाई योजना, अनुगमन तथा मूल्यांकन विभागको जिम्मेवारी प्रदान गरिएको छ भने नायव मुख्य अधिकृत ओमकृष्ण श्रेष्ठले भवन निर्माण तथा आवास व्यवस्थापन विभाग र नायव मुख्य अधिकृत जीवन कुमार कटुवालले केन्द्रीय लेखा तथा खर्च विभागको जिम्मेवारी पाउनुभएको छ । त्यस्तै का.मु. नायव मुख्य अधिकृतत्रय राजाराम श्रेष्ठ, भरतराज वस्ती र अर्जुनकुमार गौतमले क्रमशः सञ्चयकर्ता कर्जा तथा असुली विभाग, परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग र मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागको जिम्मेवारी सम्हाल्नु हुनेछ ।

### हार्दिक शुभकामना

बिजया दशमी, शुभ दिपावली, नेपाल सम्बत तथा छठ पर्वको अवसरमा सम्पूर्ण सञ्चयकर्ता एवम् शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्मचारी सञ्चय कोष परिवार

# कर्मचारी सञ्चय कोष
# ५६ वर्षमा प्रवेश

पृष्ठ १ बाट क्रमशः

कोषले सञ्चयकर्ताहरुको शेयर स्वामीत्व रहेको निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत परियोजनाका लागि १० अर्ब लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप हालसम्म पूँजीकृत सहित १२ अर्ब ६७ करोड ७८ लाख कर्जा प्रवाह गरि सकेको छ। यसैगरी सञ्चयकर्ताहरुलाई शेयर स्वामीत्व सुनिश्चित गरिएको निर्माणाधीन चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका लागि कोषले १६ अर्ब ५० करोड रुपैयाँ पूजीकृत सहित ५ अर्ब ५९ करोड ४७ लाख कर्जा प्रवाह गरेको छ। देशको पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्न १५ वर्षका लागि १० अर्ब ऋण प्रवाह गरिएकोमा नियमित रुपमा असुली भई हाल सो सस्थांसंग ९ अर्ब २४ करोड ९६ लाख बाँकी रहेको छ। साथै थप २ वाईड बडी जहाज खरिद गर्नका लागि १२ अर्ब ऋण प्रवाह गर्ने प्रतिवद्धता अनुरुप ४ अर्ब १९ करोड २८ लाख लगानी गरेको छ।

निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आवद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्ने नीतिअनुरुप आ.व. २०७३/७४मा १२५ वटा संस्थाका २५,००० भन्दा बढी कामदार/कर्मचारीहरुलाई कोषमा आवद्ध गरिएको छ। परियोजना कर्जाको असुलीलाई प्रभावकारी बनाइएका कारण कोषको कुल स्रोतमा निष्क्रृय कर्जाको अनुपात संस्थागततर्फ ०.१९ प्रतिशत कायम भएको छ भने सञ्चयकर्ताहरुलाई प्रदान गरिएको सापटीमा रहेको निष्क्रृय कर्जाको अंशलाई कम गर्न असुली कार्यलाई अगाडि बढाईएको छ। सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले अत्याधुनिक सञ्चार प्रविधिमा आधारित विभिन्न सेवाहरु प्रदान गर्दै आएको कोषले यसै वार्षिकोत्सवको अवसरमा KSK Smart Services मोबाइल एप्लिकेशन सार्वजनिक गरेको छ। सञ्चयकर्ताहरुबीच आफ्नो पहुँच बढाउन विशेष सापटी, घर सापटी, शैक्षिक सापटी लगायत सरल चक्र कर्जा जस्ता वित्तीय सुविधा सञ्चालनमा ल्याएको कोषले निकट भविष्यमै बीमा र पेन्सनमा आधारित सुविधा समेत सञ्चालन गर्ने योजना बनाएको छ।

अन्तर्राष्ट्रिय संस्था ADFIAP ले वार्षिक रुपमा प्रदान गर्ने संस्थागत सुशासन तर्फको २०१६-पुरस्कार प्राप्त गर्न सफल कोषले २०१५ मा समेत सो पुरष्कार प्राप्त गरको थियो। राष्ट्र सेवामा रहेका राष्ट्र सेवकहरुको आर्थिक भविष्य सुरक्षित बनाउने उद्देश्यले वि.स.२०१९ सालमा कर्मचारी सञ्चय कोषको स्थापना भएको हो।

रकम सञ्चित गर्ने सञ्चय कोष प्रणाली राष्ट्र सेवामा रहेका सीमित राष्ट्र सेवकहरुका लागि नेपालमा बि.स.१९९१ सालदेखि सुरु भए पनि हाल विभिन्न निजी तथा गैहसरकारी संस्थाहरुमा कार्यरत कर्मचारीहरुको समेत कर्मचारी सञ्चय कोषसम्म पहुँच पुगेको छ। यस अवधिमा सञ्चित पुँजीको उपयुक्त परिचालन गरी बढी भन्दा बढी सुविधा प्रदान गर्दै सञ्चयकर्ताको भरोसा जित्न र सामाजिक सुरक्षण प्रदायक संस्थाको अग्रणी भूमिकाद्वारा अन्तर्राष्ट्रिय स्तरको संस्थाको रुपमा कोषलाई स्थापित गर्नेतर्फ कोष उन्मुख रहेको छ।


१


२



3


४

**तस्वीरमा** : कोषको ५६ औं वार्षिकोत्सव कार्यक्रममा वार्षिक विशेषांक 'कोष पत्रिका' सार्वजनिक गर्दै अर्थराज्य मन्त्री उदयशम्सेर राणा, तत्कालिन मुख्य सचिव राजेन्द्रकिशोर क्षेत्री, अर्थ सचिव शिशिरकुमार ढुंगाना, का.वा. प्रशासक दिपक रौनियार लगायत (१) खेलकुद प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्दै कार्यवाहक प्रशासक दीपक रौनियार (२) कार्यक्रमलाई सम्बोधन गर्दै का.मु.मु.अ. राजेन्द्र काफ्ले (३) र कार्यक्रममा उपस्थित कोषका कर्मचारीहरू (४)।

# उल्लासमय वातावरणमा वार्षिकोत्सव कार्यक्रम सम्पन्न

## शाखा कार्यालय: धनगढी

कोषको गौरवमय ५६ औं वार्षिकोत्सव समारोह २०७४ साल भाद्र ३१ गते कोषको शाखा कार्यालय, धनगढीले शाखागत स्तरमा भव्य तवरबाट उल्लासमय वातावरणमा सम्पन्न गरेको छ ।

कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गोविन्दप्रसाद रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न सो समारोहमा निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, बैंक तथा वित्तीय संस्था, शैक्षिक संघसंस्था, उद्योग वाणिज्य महासंघका प्रमुख तथा वरिष्ठ अधिकारी, स्थानीय एफ.एम., पत्रिका तथा टेलिभिजनका सञ्चारकर्मीहरुलाई उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख वक्ताका रुपमा प्र.जि.अ.श्री रिजालले सामाजिक सुरक्षाको ऐतिहासिकतामाथि प्रकाश पार्दै कोषले सामजिक सुरक्षामा राष्ट्रियस्तरमै खेलेको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले देशको संघीय संरचना कार्यान्वयनमा आइसकेको तर कोषको संघीय ढांचामा विकेन्द्रीकरण भएको नदेखिएको टिप्पणी गर्दै सामाजिक सुरक्षा, सेवा र अन्य काम राम्रो गरेकोमा व्यापक जानकारी र सूचनाप्रवाह एवम् प्रचारप्रसार हुनुपर्ने कुरामा जोड दिनुभयो ।

संघीय प्रहरी इकाइ प्रमुख श्री दानसिंह बोहराले कोषको कार्यसम्पादनमा रहेको सरलता, शीघ्रपन र पारदर्शिताप्रति खुशी व्यक्त गर्दै हाल सीमित क्षेत्रमा मात्र संचयकर्ता कर्जा कार्यान्वयन भएका कारण यस क्षेत्रका धेरै सेवाग्राहीहरु अवसरबाट बञ्चित भएका बारे बिचार गरी कोषले नयाँ र सुरक्षित क्षेत्रमा कर्जा विस्तार गर्न आग्रह गर्नुभयो । शुभकामना मन्तव्यकै क्रममा सुदूर पश्चिम बहु उद्देश्यीय सहकारी संस्थाका प्रवन्धक रुपा जोशीले सार्वजनिक जानकारीको अभावका कारण कुल जनसंख्याको २ प्रतिशत जनता मात्र कोषबाट लाभान्वित हुनसकेको बताउनु भयो । उहाँले सुदूर पश्चिममा कोषको उपस्थितिका कारण यो क्षेत्र लाभान्वित भएको भन्दै कोषप्रति शुभकामना व्यक्त




गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्दै प्र.जि.अ. श्री गोविन्दप्रसाद रिजाल, संघीय प्रहरी इकाइ प्रमुख श्री दानसिंह बोहरा, सु.प.क्षे.स.प्र.गणप्रमुख श्री जनकराज पाण्डे, स.प्र.बल सीमा सुरक्षा कार्यालयका प्रमुख श्री श्याम कोइराला र कार्यालय प्रमुख श्री रामकाजी के.सी.लाई शाखा कार्यालयका सूचना अधिकृत श्री जितेन्द्र श्रेष्ठले नेपाली खादा समर्पण गर्नुभएको थियो । कार्यक्रमको उद्घोषण कोषका कर्मचारी श्री विष्णुप्रसाद रेग्मीले गर्नुभएको थियो भने सूचना अधिकृत श्री जितेन्द्र श्रेष्ठले स्वागत मन्तव्य र शाखा कार्यालयका प्रमुख श्री रामकाजी के.सी.ले कोषको विभिन्न पक्षका साथै स्थानीय स्तरमा शाखा कार्यालयबाट आफ्ना सञ्चयकर्ताका लागि प्रवाह गरेका सेवा सुविधा सम्बन्धी विवरण प्रस्तुत भएको थियो ।

साथै, शाखा कार्यालय, धनगढीका अधिकृत तथा कर्मचारीबीच प्रतियोगितात्मक रुपमा ५ कि.मि.दौड, चेस, एकल तथा डबल ब्याटमिण्टन र क्यारमबोर्ड लगायतका खेलकूद कार्यक्रम आयोजना गरी विजयीहरुलाई प्रमुख अतिथिबाट प्रमाणपत्रसहित नगद पुरस्कार समेत प्रदान गरिएको थियो ।

## शाखा कार्यालय: धनकुटा

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय धनकुटाले कोषको ५६ औं वार्षिकोत्सव समारोह भव्यताका साथ सम्पन्न गरेको छ ।

होटल सुरबीको सभा हलमा बिहान ८:३० बजे शुभारम्भ भएको कार्यक्रमको अध्यक्षता धनकुटा शाखा कार्यालयका प्रमुख तेज प्रसाद खनाल तथा प्रमुख आतिथ्यता धनकुटा जिल्ला अदालतका न्यायाधिश माननिय किशोर घिमिरेले गर्नु भएको थियो । धनकुटा जिल्लामा अवस्थित निजामति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, संस्थान एवम् क्याम्पस तथा विद्यालय क्षेत्रका ६० भन्दा बढी कार्यालयका प्रमुख, प्रतिनिधिहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमका वक्ताहरुले धनकुटा शाखा कार्यालय तथा समग्र सञ्चय कोषले सेवाग्राहीलाई तुलनात्मक रुपमा छिटो, सरल र बिना झन्झटिलो सेवा प्रवाह गरेकोमा धन्यबाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथिले कर्मचारी सञ्चय कोषले उत्पादक क्षेत्रमा कोषको लगानीबाट उच्चतम प्रतिफल हासिल गरी सञ्चयकर्तालाई अधिकाधिक मुनाफा प्रदान गर्दै सामाजिक सुरक्षा सेवाका क्षेत्रहरु विस्तार गर्नुपर्ने कुरामा सजग रहन सुझाव दिनु भएको थियो । कार्यक्रममा उपस्थित सबै सञ्चयकर्ताहरुबाट जिज्ञासा, सल्लाह तथा सुझाव संकलन गरिएको थियो । कार्यक्रमको अन्त्यमा सम्पूर्ण प्रश्न तथा जिज्ञासाहरुको उत्तर दिँदै कार्यालय प्रमुख खनालले कर्मचारी सञ्चय कोषको सेवा प्रवाह प्रक्रिया मुलुककै सरकारी तथा गैरसरकारी संस्थाहरुमा उदाहरणीय रहेको दाबी गर्नुभयो ।





# बजेट, वार्षिक तथा विशेष कार्यक्रम
# कार्य योजनामाथि छलफल



कर्मचारी सञ्चय कोषको आर्थिक वर्ष २०७४।७५ को बजेट, वार्षिक तथा विशेष कार्यक्रमको कार्य योजनामाथि व्यवस्थापन तहबीच छलफल सम्पन्न भएको छ ।

कार्यवाहक प्रशासक दीपक रौनियारले विशेष कार्यक्रम बजेट अघि नै छलफलमा आउनुपर्ने भन्दै कोषको नियमित र विशेष कार्यक्रमलाई बेग्लाबेग्लै ढंगले व्याख्या गरी र विशेष कार्यक्रमको प्राथमिकिरण गर्नुपर्ने बताउनु भयो ।

रौनियारले कुनै पनि सँस्थाको लागि विशेष कार्यक्रम संस्थागत अभिवृद्धिसँग जोडिएको विषय भएकाले यो कुनै अमुक विभाग वा शाखाबाट मात्र सम्पन्न हुनुपर्छ भन्ने मान्यताबाट माथि उठेर आवश्यक अनुसार बाह्य विज्ञको परामर्श र सहयोगमा कार्यक्रम कार्यान्वयन गर्दा सकारात्मक परिणामको साथै ज्ञान र कौशल समेत आर्जन हुने भएकाले दिर्घकालिन रुपमा संस्थालाई लाभ पुग्ने बताउनु भयो ।

उहाँले विशेष कार्यक्रम प्रतिवेदनका रुपमा भन्दा पनि कार्य व्यवहारमा प्रतिविम्बित हुनुपर्ने भएकाले यसको प्रकृति व्यक्तिगत भन्दा पनि सामूहिक हुनुपर्ने, पारिश्रमिक वितरणमा मोलमोलाई हुन नहुने, विशेष कार्यक्रमसँगै यसका लागि बजेट पनि विनियोजन हुनुपर्ने हो, तर यो किन हुन सकेन र यसलाई कतिसम्म सम्बोधन गर्न सकिन्छ सहभागीहरुबाट आउने सुझावले पक्कै पनि सुधार गर्न सकिने आश्वासन दिनु भयो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा कार्यवाहक प्रशासक रौनियारले संस्थागत विकासका लागि कार्यान्वयनमा आएका र आउन सक्ने कार्यक्रमहरुको नियमित अनुगमन र मूल्यांकन आवश्यक भएसँगै सेवा प्रवाहका अवस्था, सुविधाहरुको पर्याप्तता लगायत गुणस्तरियता सदैव आफ्नो चासोको विषय भएको बताउनु भयो ।

यसअघि कार्यक्रमको पहिलो दिन आश्विन २० गते उद्घाटन सत्रमा कार्यक्रमको आरम्भ गर्दै का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्ले बजेट तर्जुमा एवं यसको कार्यान्वयनका सन्दर्भमा यस प्रकारको कार्यक्रम बिगतमा पनि भइरहेको स्मरण गर्दै २०७२।७३ को लेखा परिक्षणले औंल्याएका कमी कमजोरी, २०७४।७५ को लागि तय गरिएको बजेट एवं यसमा संलग्न नीति तथा कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा यससँग सम्बन्धित कार्ययोजना र कार्यक्रमलाई अन्तिम रुप दिन छलफलका निष्कर्षहरु सहयोगी हुने बताउनु भयो । आ. व. २०७४।७५ को बजेटमा ८ उद्देश्य २२ नीति र १०८ कार्यक्रमहरु रहेका छन ।

काफ्लेले बजेटमा उल्लेखित विशेष कार्यक्रमहरुलाई विगतको अनुभवको आधारमा फरक ढंगले उपलब्धिलाई देखिने गरी सञ्चालन गर्नु पर्ने निर्देशनका कारण कार्यक्रम कार्यान्वयनका दौरान व्यवस्थापकहरुले सेवा सुविधालाई कसरी प्रभावकारी बनाउँदै जाने र सेवाग्राहीहरुको गुनासोलाई कसरी व्यवस्थित गर्दै जाने भन्ने विषयमा जिम्मेवार ढंगले कार्य सम्पन्न गर्नु पर्ने बताउनु भयो ।

यसैगरी संविधान अनुसार हुन गइरहेको स्थानिय निकायको संरचनाको अवस्थालाई समेत विचार गरी स्थानिय सरकार, बैंक र स्थानिय सञ्चयकर्ताहरुको आधारमा कोषले आफ्नो कार्य र दायरा विस्तार गर्नुपर्ने भएकाले यस कार्यलाई सफल बनाउने दिशामा समेत छलफलबाट आफुले ठोस सुझावको अपेक्षा गरेको काफ्लेले बताउनु भयो ।

सरकारद्वारा जारी वित्तीय क्षेत्र रणनीतिक योजना कार्य समितिमा कोष पनि आमन्त्रित सदस्य भएकोले सरकारको लगानी दायरा विस्तार नीतिमा कोषको समेत भूमिका हुने भएकाले उक्त रणनीतिसँग समेत कोषको लगानी सम्बन्धि कार्यक्रमहरुको समन्वय आवश्यक भएकोतर्फ पनि छलफलको ध्यान केन्द्रित गर्न उहाँले आग्रह गर्नु भयो ।

विभागीय प्रमुख अर्जुन कुमार गौतमले बीपीआर (विजनेश प्रोसेस रिभ्यु)को आवश्यकता, विभागीय प्रमुख राजाराम श्रेष्ठले २०७४।७५ का लागि तय विशेष कार्यक्रममाथि आउने सुझावको कार्यान्वयन, विभागीय प्रमुख रोचन श्रेष्ठले विजनेश प्रोसेस प्लानको आवश्यकता, विभागीय प्रमुख जितेन्द्र धितालले कोषका अन्तरसम्बन्धित विभागलाई दृष्टिगत गरी एकल वा वेग्लावेग्लै बीपीआर आवश्यकता, विभागीय प्रमुख जीवन कट्वालले नीति तथा कार्यक्रम कार्यान्वयन जोखिम, विभागीय प्रमुख बीरेन्द्रमोहन भट्टराईले कर्मचारी व्यवस्थापन गर्न विभागीय प्रमुखलाई साधन परिचालनको न्युन अवसर, विभागीय प्रमुख भरत वस्तीले आर्थिक क्रियाकलापका इमर्जिंग इस्यु र विभागीय प्रमुख केदारनाथ गौतमले कार्यक्रमहरुबाट परिणाम प्राप्त गर्न बजेटको सहजता बारेमा आआफ्नो धारणा राख्नु भएको थियो ।

हेटौंडा शाखा प्रमुख दिनेश के.सी.ले कार्यक्रम कार्यान्वयनमा विद्यमान अन्यौलता, विराटनगर शाखा प्रमुख शान्ता गौतमले २०७४।७५ को बजेटमा समेटिएका कार्यक्रमहरुको कार्यान्वयनमा प्रतिबद्धता, का.मु. वरिष्ठ प्रवन्धक महेश प्रसाद खनालले कार्यक्रम कार्यान्वयनमा संस्थागत अन्यौलता, पोखरा शाखा प्रमुख दिलिपराज पौडेलले स्थानिय तहमा उपलब्ध सुविधाहरुलाई सञ्चयकर्ताहरुसँग आवद्ध गराउने चुनौति, बुटवल शाखा प्रमुख टोपाराम पण्डितले शाखा कार्यालयहरुमा न्युन कर्मचारी संख्या, वरिष्ठ प्रबन्धक (परियोजना विश्लेषक) विजय कुमार श्रेष्ठले विगतमा सम्पन्न विशेष कार्यक्रमको समिक्षाको आवश्यकता, सुर्खेत शाखा प्रमुख रवी तामांङले शाखागत व्यवस्थापनमा जनशक्ति लगायतका समस्यामाथि प्रकाश पार्नु भएको थियो ।



# कर्पोरेट सुपर सिक्सेस

# क्रिकेट प्रतियोगितामा कोष सहभागी

सुपर सिक्सेस क्रिकेट प्रतियोगितामा कर्मचारी सञ्चय कोषले सहभागीता जनाएको छ। सेन्चुरी बैकको प्रायोजन र एसएस इभेन्टसको आयोजनामा गत कार्तिक २१ देखि सुरु भएको प्रतियोगितामा कुल १९ कर्पोरेट टोलीहरुको सहभागिता रहेको थियो।

सहभागि टिममा १३ वटा बैक एक मिडिया हाउस र पांच वटा कर्पोरेट टिम रहेका थिए। जसमा कर्मचारी सञ्चय कोष सहित सेन्चुरी बैक, सिभिल बैक, एनआइसी एशिया बैक, प्रभु बैक, नविल बैक, नेपाल एसबीआइ बैक, माछापुछ्रे बैक, कुमारी बैक, ज्योती विकाश बैक, मेघा बैक, एनसीसी बैक, एनएमबी बैक, आइसी एफसी फाइनान्स, कान्तिपुर मिडिया ग्रुप, रुस्लान, सुविसु, नेपाल टेलिकम, सिप्रदी र निम्बस रहेका थिए। किर्तिपुर क्रिकेट मैदानमा सम्पन्न खेलमा कोषको तर्फबाट सुवास खड्काको कप्तानीमा ८ जनाको टोलीले सहभागीता जनाएको थियो। खेलाडीहरुको छनौट जीवन कुमार कट्वाल संयोजक रहेको खेलकुद समितिले गरेको थियो। खेल समुह 'ए' मा रहेको कोषले नेपाल एसबिआई बैंक र कैलाश विकास बैकसँग प्रतिस्पर्धा गरेको थियो।

बेष्ट फेयर प्ले अवार्ड कोषले प्राप्त गरेको उक्त प्रतियोगिताको उपाधि आयोजक सेन्चुरी बैंकले जितेको छ।



# नेपाल संस्कृत विश्वविद्यालय कोषमा आबद्ध हुने

नेपाल संस्कृत विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरुको अवकाश कोषको व्यवस्थापन कर्मचारी सञ्चय कोषले गर्ने भएको छ। यस विषयमा विश्वविद्यालय र कोषबिच गत भाद्र १९ गते प्रारम्भिक छलफल भएको छ।



२०७४ श्रावणदेखि लागू हुने गरी विश्वविद्यालको नयाँ कोषकट्टी तथा अवकाश कोषको रुपमा संकलित हिसावको व्यवस्थापन कोषले गर्ने सम्बन्धमा छलफल केन्द्रित थियो। विश्वविद्यालयका कर्मचारीको हकमा कोषबाट उपलब्ध सापटी तथा सामाजिक सुरक्षा लगायतका सबै सेवा सुविधाहरु समेत श्रावणदेखि नै लागू हुने गरी उपलव्ध हुनेछन्।

यस कार्यका लागि विश्वविद्यालयद्वारा डा. नवराज कट्टेलको संयोजकत्व र कोषको तर्फबाट ना.मु.अ. वीरेन्द्रमोहन भट्टराईको संयोजकत्वमा बेग्लाबेग्लै समिति गठन गरिएको छ। कोषबाट गठित समितिमा का.मु.ना.मु.अ. अर्जुन कुमार गौतम, प्रवन्धक दशरथ लामिछाने र प्रवन्धक राकेशलाल श्रेष्ठ सदस्य हुनुहुन्छ भने विश्वविद्यालयको समितिमा रमेश भण्डारी, खिमबहादुर खत्री, केशव गौतम र रमेश जोशी सदस्यको रुपमा रहनुभएको छ।



## मुस्ताङ्गमा पोखरा शाखाको अन्तरक्रिया

# सञ्चयकर्ता सन्तुष्टिमा कोषको जोड

जिल्ला प्रशासन कार्यालय मुस्तांङको समन्वयमा कर्मचारी सञ्चय कोष, पोखरा कार्यालयले मुस्ताङ जिल्लास्थित निजामति, नेपाली सेना, नेपाल प्रहरी, संस्थान, बैंक तथा वित्तिय संस्थाका कार्यालय प्रमुख र लेखा प्रमुखहरुबीच अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

मिति २०७४ कार्तिक १३ गते सम्पन्न कार्यक्रममा कर्मचारी सञ्चय कोष पोखरा कार्यालयका कार्यालय प्रमुख दिलिपराज पौडेलले कोषले संचयकर्तालाई प्रदान गर्ने वित्तिय एवं सामाजिक सुरक्षण सेवा सुविधाका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने ब.क.स. पारसमणि भण्डारीले E-service, Mobile Application, Online फाँटवारी दाखिला सम्बन्धी विषयमा जानकारी गराउनु भएको थियो ।

कार्यपत्रमाथि उठेका विभिन्न जिज्ञासाको बारेमा जवाफ दिने क्रममा विभागीय प्रमुख ओम कृष्ण श्रेष्ठले कोषको वर्तमान स्थिती, कोषको सेवा सुविधा र रणनीति तथा कार्यक्रमको वारेमा उल्लेख गर्दै कोषले ल्याउन खोजेको योगदानमा आधारित निवृत्तिभरण योजना, वैदेशिक रोजगारीमा जानेको सामाजिक सुरक्षा, स्वरोजगारमा संलग्न व्यक्तिहरुको समेत संचय कोषको व्यवस्थामा आवद्धता गराउने सन्दर्भमा कोषले अध्ययन गरिरहेको व्यहोरा जानकारी गराउनुभएको थियो ।

प्रमुख अतिथी एवं प्रमुख जिल्ला अधिकारी श्री रामचन्द्र तिवारीले कोषले समय समयमा यस्ता कार्यक्रम संचालन गरी कोषको सेवा सुविधा र कार्यक्रमहरू संचयकर्ताहरुलाई सुचित गराउनुको साथै विभिन्न सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम संचालन गरी संचयकर्ताहरुलाई बढी भन्दा बढी सेवा सुविधा छिटो छरितो सहज र सरलरूपमा प्रभावकारी सेवा प्रवाह गरी सन्तुष्टी दिने तर्फ सचेत र सतर्क हुनपर्ने तर्फ जोड दिनु भएको थियो ।

सञ्चयकर्ताहरुले पाउने सेवा सुविधाका बारेमा जानकारी लिनको लागि कोषको Website, E-mail, Mobile Application, SMS, Notice Board, फोन र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने व्यवस्था रहेको छ । श्रम ऐन २०७४ ले व्यवस्था गरे बमोजिम सबै कामदार/श्रमिकले काम गरेको मिति देखि नै संचय कोषको व्यवस्था गर्नुपर्ने उल्लेख भएको सन्दर्भमा सहकारी डिभिजन कार्यालय, उद्योग



विभाग, कम्पनी रजिष्टारको कार्यालय, आन्तरिक राजस्व कार्यालयमा दर्ता हुने तथा विवरण बुझाउने क्रममा सम्बन्धित निकायले कर्मचारी खर्च अन्तर्गत तलब/भत्ता शिर्षकमा खर्च देखिन्छ भने त्यस्तो अवस्थामा सम्बन्धित कर्मचारी/श्रमिकको संचय कोष वापतको रकम कट्टी गरी कर्मचारी संचय कोष मै दाखिला गर्ने व्यवस्थाको लागि आवश्यक निर्देशन, परिपत्र गर्ने व्यवस्था हुन आवश्यक छ ।

हाल सहकारीहरुले संचय कोष कटाउने सहकारीमा नै राख्ने, वोडिङ स्कुलले पनि संचय कोष कट्टी गर्ने कुनै बैंक/सहकारीमा जम्मा गर्ने गरेको देखिएको र कतिपय निकायले संचय कोष जम्मा नगर्ने गरेको हुँदा सबैलाई सामाजिक सुरक्षाको एउटा अंगको रूपमा रहेको संचय कोष व्यवस्थाको दायरा भित्र ल्याउने संचय कोषको प्रयासमा सबैको हातेमालो र सहयोग हुने अपेक्षा कोषको रहेको छ ।

कार्यक्रममा मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रामचन्द्र तिवरी प्रमुख अतिथी एवं नेपाली सेनाको उच्च शिखर शिक्षालयका शिक्षाधिकृत श्री सुनिल राज विष्ट, कर्मचारी सञ्चय कोष केन्द्रीय कार्यालयका प्रतिनिधीको रूपमा विभागीय प्रमुख श्री ओमकृष्ण श्रेष्ठ, प्रहरी नायव उपरिक्षक रामहरि पाण्डे, बरिष्ठ बागबानी विकास अधिकृत श्री बालकृष्ण अधिकारी, वज्रदल गणका सेनानी श्री धिरज थापा, अतिथि रहनुभएको उक्त कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मण खड्काले स्वागत मन्तव्य राख्नु भएको थियो ।

## शाखा कार्यालय बिराटनगर

# गुनासो रहित सेवाको लागि प्रतिबद्ध

कोषको पहिलो शाखा कार्यालयको रुपमा वि.सं. २०४८ सालमा कर्मचारी संचय कोष शाखा कार्यालय विराटनगरको स्थापना भएको हो । यस शाखाको कार्य क्षेत्र हाल प्रदेश नं १ र २ अन्तरगतका इलाम, पांचथर, झापा, मोरङ, सुनसरी, उदयपुर, खोटाङ, ओखलढुङा, सोलुखुम्बु, सिराहा र सप्तरी रहेका छन् । यस शाखाले अनलाइन सेवा मार्फत कोषको केन्द्रीय कार्यालयबाट उपलब्ध हुने सम्पूर्ण सेवा सुविधाहरु प्रदान गर्दै आइरहेको छ । संचयकर्ताहरुको अवकाश पछिको भुक्तानी, सेवाकालिन वित्तीय आवश्यकता पुरा गर्नका लागि विशेष सापटी, घर सापटी, शैक्षिक सापटी प्रवाह, कोषले लागु गरेका सामाजिक सुरक्षण सुविधाहरुको भुक्तानी, संचयकर्ता परिचय पत्रको व्यवस्थापन, फांटवारी संकलन, बैंक स्टेटमेन्ट संकलन, संचयकर्ता विस्तार, संचयकर्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन, कोषका गतिविधिहरुको प्रचार प्रसार तथा संचयकर्ताहरुलाई परेका समस्याहरुको समाधान जस्ता सेवा सुविधाहरु प्रदान गरिरहेको छ । गुनासो रहित संचयकर्ता सेवाप्रति प्रतिवद्ध यस शाखाले २०७४ आश्विन मसान्तसम्म गरेको प्रगती विवरण दायांतर्फ प्रस्तुत गरिएको छ :



| विवरण | कारोबार संख्या | जम्मा रकम |
|---|---|---|
| विशेष सापटी भुक्तानी | ५४२७ | ६२२,५४८,६००.०० |
| सञ्चय कोष भुक्तानी | ८८९ | १२१,६२८,९९१.०५ |
| काजकृया अनुदान | २५ | ७५०,०००.०० |
| दुर्घटना क्षतिपूर्ति | २ | १५०,०००.०० |
| कर्मचारी बीमा | ३ | ३४०,०००.०० |
| कर्मचारी औषधोपचार | ३ | ४५,११५.०० |
| सुत्केरी तथा शिशु स्याहार | ६२५ | ४,६८७,५००.०० |
| खाता एकिकरण संख्या | ६८ | - |
| नयाँ कार्यालयसँग कोषकट्टी सम्झौता | ३ | ७४ |
| फाँटवारी संकलन | - | ९०,३४६,३१६.०० |
| विशेष सापटी असुली | ३५४ | ५६,४१०,०८०.५० |
| परिचय पत्र समर्थन | ८६३ | |
| चालुखातामा ब्याज आम्दानी | | ३७६,१६९.१२ |
| विविध आम्दानी | | ७६,९२५.०० |
| घर सापटीमा लगानी | ७२ | १४७,७२५,०००.०० |
| घर सापटी असुली | | ३९,२५७,९५१.५३ |
| शैक्षिक सापटी लगानी | २ | ३,८१८,०००.०० |
| घर मर्मत सापटी लगानी | १७ | १७,५५६,०००.०० |
| घर मर्मत सापटी असुली ब्याज | - | ८,०३०.६० |

## प्रदेश नं. दुई

# शाखा स्थापना गर्न प्रतिवेदन पेश

कर्मचारी सञ्चय कोषको प्रदेश नम्बर दुईमा शाखा स्थापना गर्न गठित अध्ययन कार्यदलले आफ्नो प्रतिवेदन प्रशासक समक्ष पेश गरेको छ । अध्ययन कार्यदलले स्थलगत सर्वेक्षणको कार्य पुरा गरी प्रारम्भिक प्रतिवेदन प्रशासक समक्ष पेश गरेको हो ।

स्थलगत सर्वेक्षणको विस्तृत सूचना संकलन भइसकेपछि नयाँ शाखा खोल्न प्रदेश नम्बर दुईको कुन क्षेत्र उपयुक्त हुन्छ भनेर कार्यदलले व्यापक विमर्श गरी विकल्प सहित प्रतिवेदन पेश गरेको जनाएको छ ।

अध्ययन कार्यदलका संयोजक एवं योजना, अनुगमन तथा मूल्यांकन विभागका विभागीय प्रमुख केदारनाथ गौतमका अनुसार कार्यदलले प्रदेश नम्बर दुईका विभिन्न सम्भावित क्षेत्रको स्थलगत भ्रमण गर्दै संकलित सूचनामाथि छलफल गरी ठोस निष्कर्ष र विकल्प सहितको सुझाव प्रतिवेदनमा उल्लेख गरेको छ । अध्ययन कार्यदलले यस क्रममा प्रश्नावली, अन्तर्क्रिया र स्थानियसँग छलफलको माध्यमबाट सूचना संकलन गरेको थियो ।

अध्ययन कार्यदलका संयोजक गौतमले भौगोलिक सुविधा, सञ्चयकर्ताको चाप लगायत सञ्चार सुविधाको आधारमा विकल्प सहित आफ्नो प्रतिवेदन व्यवस्थापन समक्ष पेश भैसकेपछि उपयुक्त समय र




स्थानमा शाखा कार्यालयबारे निर्णय हुनेमा विश्वास व्यक्त गर्नु भयो ।

कोषले गत कार्तिकमा विभागीय प्रमुख केदारनाथ गौतमको संयोजकत्वमा गठन गरेको शाखा विस्तार कार्यदलमा विभागीय प्रमुख वीरेन्द्रमोहन भट्टराई, विभागीय प्रमुख राजाराम श्रेष्ठ, वरिष्ठ प्रवन्धक दामोदर सुवेदी, का.मु.बरिष्ठ प्रवन्धक शान्ता गौतम, प्रवन्धक सुवास खड्का र प्रवन्धक रमेश बेल्वासे सदस्य रहनु भएको थियो ।

## शाखा कार्यालय कोहलपुर

# आ.व.२०७४/७५ को पहिलो त्रैमासिकसम्म सम्पन्न विविध गतिविधिहरु

### वार्षिक उत्सव कार्यक्रम :

कोषको ५६ औं वार्षिक उत्सवको उपलक्ष्यमा शाखा कार्यालय कोहलपुरले कोषको परिचय, सञ्चयकर्तालाई प्रदान गर्ने सेवा सुविधाको प्रचार प्रसार, सामाजिक सुरक्षा अवधारणा अन्तर्गत सञ्चयकर्ताको सेवा सुविधा सहयोग र कोषको संस्थागत सामाजिक उत्तरदायित्वलाई समेतलाई दृष्टिगत गरी सप्ताहब्यापि रुपमा देहायको कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरियो ।

**१. २०७४ भाद्र ३१ गते शनिवार**
**प्रभातफेरी कार्यक्रम**

बिहान ७ बजे शाखा कार्यालयका सम्पूर्ण कर्मचारीहरु, सेवा करार, सुरक्षाकर्मीहरु समेतको सहभागितामा कार्यालय परिसर देखि न्यूरोड, एनटिभी रोड, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल, गोल पार्क हुँदै कार्यालय सम्म प्रभातफेरी कार्यक्रम सम्पन्न गरियो ।

**नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रम**

सञ्चयकर्ताहरुलाई कोषको सामाजिक सुरक्षा प्रदान गर्ने अवधारणा अन्तर्गत सञ्चयकर्ताको सेवा सुविधामा सहयोग पुग्ने उद्देश्य राखि कोषको ५६ औं वार्षिक उत्सवको उपलक्ष्यमा शाखा कार्यालय परिसरमा "नि:शुल्क स्वास्थ्य परीक्षण शिविर" कार्यक्रमको आयोजना गरियो । नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा सञ्चयकर्ता, कोषका कर्मचारी, कर्मचारी परिवार, स्थानीय जनसमुदाय गरी करीव १३३ जनाले स्वास्थ्य परीक्षण तथा निशुल्क औषधी सुविधा प्राप्त गरेका थिए । शाखा कार्यालय, कोहलपुरको अनुरोधमा भेरी अञ्चल अस्पतालका वरिष्ठ चिकित्सकहरु डा. खगेन्द्र जङ्ग शाह, डा.कृष्ण आचार्य, स्वास्थ्य प्राविधिक श्री विष्णु देवकोटा, श्री दीपक ढकाल, हेल्थ असिस्टेन्टहरु श्री सरोज मरासिनी र श्री नविन पौड्याल लगायतको प्राविधिक सहयोग रहेको उक्त शिविरमा नि:शुल्क रुपमा ECG तथा Blood Sugar Test को पनि सुविधा रहेको थियो ।

**पुरस्कार वितरण तथा वार्षिक उत्सव समारोह**


कोषको ५६ औं वार्षिक उत्सवको उपलक्ष्यमा शाखा कार्यालयमा आयोजित विविध खेलकुद कार्यक्रमका विजेताहरुलाई पुरस्कार वितरण तथा वार्षिक उत्सव समारोह शाखा कार्यालय प्रमुखको प्रमुख आतिथ्यमा एक समारोहको आयोजना गरी सम्पन्न गरियो । कार्यालय परिसरमा आयोजित समारोहमा विजेताहरुलाई मेडल तथा प्रमाणपत्र वितरण गर्दै कार्यालय प्रमुख महेन्द्र राज शाक्य, शाखा अधिकृतद्वय मनोज लामिछाने र अशोक रायमाझीले कोषको विविध गतिविधि, शाखा कार्यालयले गर्नुपर्ने काम एवं कर्मचारीको दायित्व तथा भावी कार्य योजनाका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

**२. २०७४ भाद्र ३० गते शुक्रवार**
**सरसफाई कार्यक्रम**

कोषको ५६ औं वार्षिक उत्सवको उपलक्ष्यमा कोहलपुर नगरपालिका वडा नं.११ स्थित कोषको शाखा कार्यालयको परिसर देखि गोलपार्कसम्म कोषको सबै कर्मचारीहरु, सेवा करार कर्मचारीहरु, सुरक्षाकर्मीहरु र स्थानीय जनता सहितको सहभागितामा सरसफाई कार्यक्रम सम्पन्न गरियो । बिहान ६ बजे देखि करीव साढे दुई घण्टामा सो क्षेत्रमा भएका सबै किसिमका फोहरलाई हटाई सो क्षेत्रको वातावरणलाई सफा सुग्घर बनाई स्थानीयवासीलाई आफ्नो टोल, सडक, चोकमा सरसफाई गर्न प्रोत्साहित गरियो ।

**कोष सम्बन्धी अन्तरक्रिया कार्यक्रमको प्रत्यक्ष प्रसारण**

स्थानीय रेडियो स्टेशन कोहलपुर एफ एम.१०२.३ मा विशेष कुराकानी अन्तर्गत बिहान ८ बजे देखि ३० मिनेट प्रत्यक्ष प्रसारण भएको "कोहलपुर




सेरोफेरो कार्यक्रम"मा शाखा कार्यालय प्रमुख महेन्द्र राज शाक्यले कोषको परिचय, कोषमा आवद्धता प्रक्रिया, सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सेवा सुविधाहरु र कोष तथा शाखा कार्यालयको विविध गतिविधिहरु सम्बन्धी सूचना अन्तरवार्ता मार्फत जानकारी दिनु भयो ।

**३. २०७४ भाद्र २९ गते विहीवार**
**पत्रकार भेटघाट कार्यक्रम**

कोषको प्रचार प्रसार एवं कोषको ५६ औं वार्षिक उत्सवको उपलक्ष्यमा आयोजित विविध कार्यक्रमहरुको जानकारी गर्ने उद्येश्य अनुरुप कोहलपुर बाँकेमा क्रियाशील सञ्चारकर्मीहरुलाई कोषको परिचय, सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सेवा सुविधाहरु र कोष तथा शाखा कार्यालयको विविध गतिविधिहरु सम्बन्धमा जानकारी उपलब्ध गराउन शाखा कार्यालयमा आमन्त्रण गरी एक संक्षिप्त परिचयात्मक कार्यक्रम सम्पन्न गरियो । यस पत्रकार भेटघाट कार्यक्रमले कोषको परिचय, ५६ औं वार्षिक उत्सव तथा शाखा कार्यालयको विविध गतिविधि सम्बन्धमा स्थानीय पत्र पत्रिकाहरु मिसन टुडे, मार्गरेखा, पिपलबोट, कोहलपुर टाइम्स, प्रतिवोध एफ.एम., कोहलपुर एफ.एम. लगायतका विभिन्न सञ्चार माध्यमहरुमा कोषबाट प्रेषित सूचना एवं प्रकाशन तथा प्रसारण भएको थियो ।

**४. २०७४ भाद्र २५ आइतवार देखि २९ गते विहीवारसम्म**
**विभिन्न खेलकुद कार्यक्रम**

सञ्चयकर्तालाई प्रदान गर्ने सेवा प्रवाह र कार्यालयको समयलाई मध्य नजर गरी कार्यालयको काममा असर नपर्ने गरी शाखा कार्यालयमा कार्यरत सबै कर्मचारीहरु, सेवा करारका कर्मचारीहरु एवं सुरक्षाकर्मीहरु समेत सहभागितामा बिहान र बेलुका गरी देहायको मितिमा देहायका विभिन्न खेलकुद कार्यक्रमको आयोजना गरी कार्यक्रम सफलतापूर्वक सम्पन्न गरियो ।

| प्रतियोगिता भएको मिति | खेलकुद कार्यक्रम (खेल भएको स्थान) |
|---|---|
| २०७४ भाद्र २५ र २६ – | चेस तथा क्यारेम बोर्ड प्रतियोगिता (कार्यालय परिसर) |
| २०७४ भाद्र २७ गते – | ब्याडमिन्टन प्रतियोगिता (गोल पार्क परिसर) |
| २०७४ भाद्र २८ गते – | फाइभ ए साइड फुटवल प्रतियोगिता (खुला खेल मैदान) |
| २०७४ भाद्र २९ गते – | दौड तथा घैंटो फुटाउने प्रतियोगिता (कार्यालयदेखि शिक्षण अस्पतालसम्मको सडक र गोल पार्क परिसर) |

### नयाँ कार्यालयसँग सम्झौता

शाखा कार्यालय कोहलपुरले आ.व.२०७४/७५ मा सञ्चयकर्ता सेवा विस्तार अन्तर्गत देहायका कार्यालयहरुसँग सम्झौता गरी सञ्चयकर्ता कार्यालयहरुको आवद्धता संख्यामा थप गरिएको छ ।

१. एकुरेट एकाउन्टिङ्ग सोलुसन प्रा.लि., नेपालगञ्ज, बाँके
२. ब्रिनोज एअर हेल्थ कम्युनिटि अस्पताल, नेपालगञ्ज, बाँके
३. आर्शीवाद पेन्टस प्रा.लि., नेपालगञ्ज औद्योगिक क्षेत्र, बाँके
४. कोहलपुर उद्योग वाणिज्य संघ, कोहलपुर, बाँके

# सञ्चयकर्ता शैक्षिक सापटी

## १ सापटीको उद्देश्य :

सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्ने वा प्राविधिक शिक्षा वा सीप बिकास सम्बन्धी तालिम हासिल गर्ने गराउने आवश्यकतालाई दृष्टिगत गरी सरल र सहज रुपमा सापटी सुविधा प्रदान गर्नु तथा लगानी विविधिकरणको माध्यमवाट कोषको स्रोतलाई सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।



## २ अवस्था/शर्त :

(क) कम्तिमा एक बर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवा अवधि वाकी भएका संचयकर्तालाई १०+२ वा सो सरह उत्तीर्ण गरेका संचयकर्ता स्वयं वा संचयकर्ताका पति र पत्नीर छोरा र छोरीलाई स्वदेश तथा विदेशमा जुनसुकै विषयमा स्नातक तह वा सो भन्दा माथिको तहमा अध्ययन गर्न वा छ महिनाभन्दा बढीको प्राविधिक शिक्षा वा सीप बिकास सम्बन्धी तालिम लिन शैक्षिक सापटी प्रदान गर्ने व्यवस्था रहेको छ ।

(ख) यस बमोजिम प्रदान गरिने शैक्षिक सापटीको अधिकतम सीमा धितो मूल्यांकनबाट कायम भएको रकम वा सम्वन्धित विषयमा अध्ययनका लागि विश्व विद्यालयमा लाग्ने वास्तविक खर्च मध्ये जुन कम हुन्छ सो बराबरमा नबढ्ने गरी देहाय बमोजिम हुनेछ :

अ) एम.वी.वी.एस र एम.डी. विषयको अध्ययनका लागि पच्चीस लाख रुपैयाँसम्म,

आ) अन्य विषय अध्ययनका लागि विदेशमा भएबीसलाख रुपैयासम्म र स्वदेशमा भए दसलाख रुपैयाँसम्म,

(ग) अध्ययन वा तालिमका लागि विश्वविद्यालय वा शिक्षण संस्थामा लाग्ने वास्तविक खर्च गणना गर्दा देहायका खर्चलाई समावेश गरिनेछ :

अ) भर्ना शुल्क, आ) मासिक शुल्क,

इ) सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाको होस्टल खर्च,

ई) सम्वन्धित विश्वविद्यालय वा शिक्षण संस्थाले तोकेको अन्य शुल्क,

उ) सम्वन्धित विश्वविद्यालय वा शिक्षण संस्थाले सिफारीश गरेअनुसारको शैक्षिक सामाग्री खर्च, ऊ) परीक्षा शुल्क

(घ) सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नवढ्ने गरी सापटी चुक्ता गर्ने अवधि ग्रेस अवधि सहित अधिकतम पन्ध्रबर्षको हुनेछ । तर त्यस्तो सापटी चुक्ता गर्ने अधिकतम अवधिभित्र जुनसुकै कारणले नोकरीवाट अलग भएका सञ्चयकर्ताले व्याज नियमित गरेको अवस्थामा सेवावाट अलग भएको मितिले छ वर्षसम्म कर्जा भुक्तान गर्न सक्नेछ ।

(ङ) उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवाअवधि वाँकी भएका संचयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

(च) अधिकतम दुई जना (पति, पत्नी, छोरा र छोरी) को अध्ययनका लागि एउटै धितोमा एकै पटक वा फरक फरक समयमा पति पत्नी वा दुवैलाई तोकिएको सापटी सीमाभित्र रही सापटी प्रदान गर्न सकिने छ । तर, यसरी सापटी प्रदान गर्दा साविकको धितो वा थप धितोको मूल्यांकनले खाम्नु पर्ने छ ।

(छ) सरल चक्रकर्जा लिएका सञ्चयर्तालाई त्यस्तो सापटी चुक्ता नगरेसम्म शैक्षिक सापटी प्रदान गरिने छैन । तर,घर सापटी वा घर मर्मत सापटी लिएका सञ्चयकर्ताले सो सापटीको व्याज नियमित गरेको भएमा यस प्रकरण वमोजिम शैक्षिक सापटी प्रदान गरिने छ ।

(ज) शैक्षिक सापटी प्रदान गर्दा सञ्चयकर्ताको मागबमोजिम एकमुष्ठ वा बढीमा चार किस्तासम्म प्रदान गर्न सकिनेछ । सञ्चयकर्ताले लिएको शैक्षिक सापटी चुक्ता गरेमा अध्ययन अवधि बाँकी भएको भए पुनः सापटी दिन सकिनेछ । यसरी पुनः सापटी प्रदान गर्दा सबै प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(झ) सापटी स्वीकृत भएको दुईवर्षसम्ममा सापटीको अधिकतम सीमा उपयोग नगर्ने सञ्चयकर्ताको हकमा उपयोग गरेको सापटी रकमलाई कर्जाको अधिकतम सीमा कायम गरिनेछ ।

## आवश्यक कागजातहरु:

शैक्षिक सापटी माग गर्दा सम्वन्धित सञ्चयकर्ताले तोकिएको दरखास्त फाराम र कोषले प्रदान गर्ने अन्य सापटी माग गर्दा आवश्यक पर्ने सबै कागजातका साथ देहायका कागजातहरु पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :

(१) कोषले प्रदान गरेको परिचय पत्रको प्रमाणित प्रतिलिपि,

(२) विद्यार्थीको नागरिकताको प्रमाणित प्रतिलिपि र व्यक्तिगत जमानत (कवुलियतनामा),

(३) विश्वविद्यालय वा अध्ययन संस्थामा भर्ना भएको तथा अध्ययन अवधि र खर्चको विवरण खुलेको आधिकारिक पत्र,

(४) अध्ययन गर्ने विद्यार्थीको एस.एल.सी. र सो भन्दा माथिको चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि,

(५) निवेदक, अध्ययन गर्ने विद्यार्थी र धितो जमानी दिने वीचको नाता खुल्ने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(६) भारत वाहेक अन्य विदेशी मुलकमा अध्ययन गर्ने भएमा विद्यार्थीको पासपोर्ट र भिसा लागेको कागजातको प्रमाणित प्रतिलिपि,

(७) निवेदकको पति/पत्नी वाहेक एकाघरको अन्य सदस्यको नामको धितो लिनुपर्दा पारिवारिक मन्जुरीनामा पेश गर्नु पर्नेछ ।

# सञ्चयकर्तालाई साञ्जेनको शेयर

## शेयर वितरण गर्न कार्यदल

साञ्जेन जल विद्युत कम्पनीबाट कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता कर्मचारीहरुको लागि निष्काशन हुने शेयर सहज ढंगले वितरण गर्न कोषका तर्फबाट एक कार्यदल गठन भएको छ।

कोष तथा चिलिमे जलविद्युत कम्पनी लि. र सान्जेन जलविद्युत कम्पनी लि.बीच २०६८ मंसीर २२ गते भएको त्रिपक्षिय ऋण संझौता बमोजिम सो कार्यदल गठन भएको हो । कार्यदलले सेयर निष्काशन तथा विक्री प्रबन्धक नागरिक लगानी कोषलाई आवश्यक सूचना उपलब्ध गराई सहयोग पुर्याउने छ।

कार्यदलले ऋणदाता संस्थाका कर्मचारीहरुका लागि समेत सहज प्रक्रियाका साथ सेयर बांडफाँडको अनुपात तथा सेयर वितरण गर्न अन्य आवश्यक कुराहरुमा नागरिक लगानी कोषलाई सहयोग गर्ने छ। कार्यदलमा विभागीय प्रमुख ओम कृष्ण श्रेष्ठ संयोजक, का.मु.ना.मु.अ. अर्जुन कुमार गौतम, बरिष्ठ प्रबन्धक दामोदर सुवेदी, प्रवन्धक राकेश लाल श्रेष्ठ र प्रवन्धक विरेन्द्र पौडेल सदस्य रहनु भएको छ।

कोषका सञ्चयकर्तालाई कोषको ऋण लगानी रहेको सान्जेन जलविद्युत परियोजनाको शेयर दिने सम्झौता २०६८ मा नै भएको थियो।





रसुवा जिल्लाको चिलिमेमा रहेको सान्जेन जलबिद्युत आयोजना निर्माण स्थल र निर्माणाधिन सुरुङ्गमार्ग ।


**कर्मचारी सञ्चय कोष**

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर

फोन नं. : ०१ ५०१०१८०

website : www.epfnepal.com.np

email: planning@epfnepal.com.np



**सम्पादन मण्डल**

विभागीय प्रमुख श्री केदारनाथ गौतम

बरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी

प्रबन्धक श्री बीरेन्द्र पौडेल

शाखा अधिकृत श्री ओजस्वी गौतम

विशेष सहयोग

शाखा अधिकृत श्री राजेन्द्र विक्रम केसी